# कृषि सहकारी संघ संस्थाहरूमार्फत कृषकहरूलाई उपलब्ध गराईने सहुलियत पूर्ण कृषि ऋण सम्वन्धी कार्यविधि - २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः –२०७५/०१/०८**
**नियम नंः- १३**

बर्दघाट नगरपालिका

२०७५

प्रमाणिकरण गर्नेको दस्तखतः

नाम थरः चिरञ्जीवी गिरी

पदः प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७५/०१/१९

## कृषि सहकारी संघ संस्थाहरू मार्फत कृषकहरूलाई उपलब्ध गराईने सहुलियत पूर्ण कृषि ऋण सम्वन्धी कार्यविधि - २०७५

**पृष्ठभुमिः**

स्थानीय स्तरमा वढ्दो बेरोजगारी र नगरबाट यूवाहरू पलायन हुने समस्यालाई सम्वोधन गर्न तथा यूवाहरूलाई कृषिमा आकर्षित गर्न ग्रामिण क्षेत्रमा गरिने व्यावसायिक तरकारी, पशुपँक्षीपालन, जडिवुटी, तरकारी तथा फलफूल खेती, दुग्ध व्यावसाय, मत्स्यपालन, च्याउ खेती, कृषि भण्डारण, पशु वधशाला एवं मासुजन्य व्यावसायका लागि वित्तिय श्रोतको परिचालन गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकिकरण, विविधिकरण र व्यावसायीकरण गरी राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुर्याउन स्थानीय सहकारी सँस्थाहरू मार्फत सहुलियत पूर्ण ऋण परिचालन गर्न वाञ्छनिय भएकोले,

वर्दघाट नगरकार्यपालिकाले "कृषि सहकारी संघ संस्थाहरू मार्फत कृषकहरूलाई उपलब्ध गराईने सहुलियत पूर्ण कृषि ऋण सम्वन्धी कार्यविधि-२०७५" स्वीकृत गरि लागू गरेको छ ।

**परिच्छेदः१**

नाम र परिभाषा

१.१ नाम : यस कार्यविधिको नाम "कृषि सहकारी संघ संस्थाहरू मार्फत कृषकहरूलाई उपलब्ध गराईने सहुलियत पूर्ण कृषि ऋण सम्वन्धी कार्यविधि-२०७५" रहेको छ । यो कार्याविधी नगर कार्यपालिकाबाट स्वीकृत भए पछि तुरून्त लागू हुनेछ ।

१.२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१.२.२ **"सहकारी संघ, संस्था"** भन्नाले सहकारी ऐन २०७४ तथा स्थानीय सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संघ संस्थालाई सम्झनु पर्दछ ।

१.२.३ **"मुल्यांकन समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठित मुल्यांकन समितिलाई सम्झनु पर्दछ ।

१.२.४. **"निर्देशक समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

१.२.५. **"नगरपालिका"** भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्दछ ।

१.२.६. **"नगर कार्यपालिका"** भन्नाले बर्दघाट नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

**१.२.७. "प्रमुख"** भन्नाले बर्दघाट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

**१.२.८. "उप-प्रमुख"** भन्नाले बर्दघाट नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

१.२.९. **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सहकारी ऐन, २०७३ र स्थानीय सहकारी ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

## परिच्छेदः२

## सहुलियत पूर्ण ऋण वितरण गर्ने आधार

२.१. यस कार्यविधिको दफा ३.९ मा उल्लेखित विषय क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्रहरूमा रहेका सहकारीबाट प्राप्त प्रस्तावहरूको आधारमा मुल्यांकन समितिबाट सिफारिस तथा निर्देशन समितिबाट स्वीकृत भएका संस्थाहरूलाई सहुलियत पूर्ण ऋण उपलब्ध गराईनेछ ।

२.२. कृषकहरूको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्न सहुलियत पूर्ण ऋण सहयोग उपलब्ध गराउदा सदस्यता संख्या, संस्थागत सुशासनको अवस्था, कृषि क्षेत्रमा व्यावसायिक कारोवारको आयतन, बार्षिक साधारण सभा र लेखापरिक्षण प्रतिवेदन र यसको नियमितता, रोजगारी सृजना र मानविय संशाधनको अवस्थाका लगायतका यस कार्यविधिको दफा ३.४ मा उल्लेखित आधारमा संस्थाहरू मार्फत कृषकलाई सहुलियत पूर्ण ऋण सहयोग उपलब्ध गराउन सकिनेछ ।

२.३. उपलब्ध गराइने सहुलियत पूर्ण ऋण रकम सँस्थाको जगेडाकोष, शेयर सदस्य सँख्या, शेयर रकम र कृषि तथा पशुपालन क्षेत्रमा गरेको लगानीको आधारमा उपलब्ध गराउन सकिनेछ ।

२.४. सम्झौता बमोजिमको काम पुरा नगर्ने सहकारी संघ/संस्थालाई प्रदान गरिएको ऋण वापतको रकम फिर्ता नभए सञ्चालक समितिको पदाधिकारीहरू तथा सँलग्न कर्मचारीहरूको चल-अचल सम्पत्तिबाट सरकारी वाँकी सरह असुल उपर गर्न तर्फ प्रचलित कानून बमोजिम कारवाही गर्नु पर्नेछ ।

२.५. स्वीकृत बजेट अनुसार ऋण प्राप्त गर्ने सहकारी/संघ संस्था वा निकायहरूले प्रचलित आर्थिक ऐन, नियमको पालना गरी खर्च गर्ने र लेखापरिक्षण गराउने उत्तरदायीत्व बहन गर्नुपर्ने छ । सम्वन्धित आर्थिक वर्षका लागि स्वीकृत बजेटको परिधि भित्र रहेर मूल्याँकन समितिको सिफारिसमा निर्देशक समितिको स्वीकृतिमा मात्र ऋण उपलब्ध गराउन सकिनेछ ।

२.६ सामन्यतया अघिल्लो आर्थिक वर्षहरूमा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट ऋण सहयोग लिई सकेका संस्थाहरूलाई ऋण सहयोग सुचिमा समावेश गरिने छैन । तर कुनै सहकारीले अघिल्लो ऋणको उपयोग गरि संस्थागत आयमा बृद्धि गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सृजना गरी समुदायलाई उल्लेखनीय योगदान पुर्‍याएको छ भने त्यस्ता संस्थाहरूलाई सहुलियत पूर्ण ऋण कार्यक्रममा पुनः समावेश गराउन सकिनेछ ।

## परिच्छेदः३

### सहुलियत पूर्ण ऋण वितरणको लागि सहकारी छनौट गर्ने विधि

३.१ यस कार्यविधि अनुरूप १५ दिनको सार्वजनिक सुचना प्रकाशन गरि स्थानीय स्तरमा कार्यक्षेत्र भएका ईच्छुक एवम योग्य संस्थाहरू लाई सहुलियत पूर्ण ऋण रकम प्राप्त गर्नकोलागि प्रस्ताव आव्हान गर्नुपर्नेछ । सूचना प्रभावकारी बनाउन स्थानीय स्तरमा प्रशारण तथा प्रकाशन हुने रेडियो/ पत्रपत्रिका समेतको उपयोग गर्न सकिने छ ।

३.२ यस कार्यविधि अनुरूप सहुलियत पूर्ण ऋण रकम प्राप्त गर्न चाहने संस्थाहरूले आफ्नो दरखास्त सहित तोकिएको मिति भित्र सम्बन्धित शाखामा शिलबन्दी प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

३.३ ऋण रकम

३.३.१ कार्यक्रम सञ्चालनका लागि नगरपालिकाबाट विनियोजन भएको वजेट मध्ये आवेदन साथ संलग्न प्रस्तावका आधारमा यस कार्यविधिको दफा ३.४ मा उल्लेखित प्रस्ताव मूल्याँकन गर्दा प्रयोग गरिने आधारलाई विश्लेषण गरि मुल्यांकन समितिको सिफारिस तथा निर्देशक समितिको स्वीकृतिमा सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ ।

३.३.२ बर्दघाट नगरपालिका मार्फत प्राप्त हुने सहुलियत पूर्ण ऋण रकममा कूल रकमको १५ प्रतिशत रकम संस्थाले ब्यहोर्नु पर्नेछ भने सम्बन्धित सहकारीले आफ्नो कार्य सम्पादनको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

३.३.३ उद्देश्य विपरित सहुलियत पूर्ण ऋण रकमको अन्य काममा प्रयोग गरेमा वा सम्झौता विपरितका कामहरू गरेमा सम्झौता गर्ने सहकारी संघ सस्था वा सम्बन्धित ऋण समितिका पदाधिकारी, सञ्चालक समिति र सँलग्न कर्मचारी समेत ब्यक्तिगत र सामुहिक रूपमा उत्तरदायी हुने छन् साथै सहुलियत पूर्ण ऋण रकमको उद्देश्य विपरित परिचालन गरेमा अथवा हिनाविना गरेमा सँघिय तथा स्थानीय सहकारी ऐन अनुसार दण्ड र सजाय गरिनेछ ।

३.४ प्रस्ताव मुल्याङ्कन गर्दा प्रयोग गरिने आधारः

| क्र.स | मुल्याङ्कन आधार | अधिकतम | प्राप्तांक |
|---|---|---|---|
| १ | संस्था स्थापना र संञ्चालन भएको समयावधि | १० | |
| | १० वा सो भन्दा बढि आर्थिक वर्ष सञ्चालनमा रहेको | १० | |
| | न्युनतम ५ आर्थिक वर्ष पुरा भएको | ९ | |
| | न्युनतम १ वर्ष पुरा भएको | ८ | |
| २ | साधारण सभा र लेखा परिक्षणको नियमितता | ५ | |
| | चालु आ.व. को सम्पन्न गर्ने | ५ | |
| | अघिल्लो आ.व सम्मको सम्पन्न गर्ने | ४ | |
| | विगत २ वर्ष देखि नगरेको | ० | |
| ३ | सदस्यहरूको संख्या | १० | |
| | ५०० भन्दा वढि सदस्य | १० | |
| | ३००-४९९ सदस्य | ९ | |

| | | | |
|---|---|---|---|
| | सो भन्दा कम | ८ | |
| ४ | कुल परियोजनामा लागत सहभागिता | १० | |
| | ७५ प्रतिशत भन्दा वढि | १० | |
| | ६० देखि ७५ प्रतिशत | ९ | |
| | ५०देखि५९ | ८ | |
| | २५ देखि ४९ प्रतिशत | ७ | |
| | सो भन्दा कम | ६ | |
| ५ | संस्थाको क्षेत्र | १० | |
| | नगर स्तरको सञ्जाल रहेको | १० | |
| | कम्तीमा ८ वडा समेटेको | ९ | |
| | कम्तीमा ४ वडा समेटेको | ८ | |
| | कम्तीमा २ वडा समेटेको | ७ | |
| | सो भन्दा कम | ६ | |
| ६ | संस्थाको क्षमता (अनुभव,जनशक्तिकोअवस्था,पुर्वाधार अवस्था) | ५ | |
| | अनुभव,जनशक्ती अवस्था,पुर्वाधार अवस्था ३ बटा रहेको | ५ | |
| | अनुभव,जनशक्ती अवस्था,पुर्वाधार अवस्था कुनै २ वटा रहेको | ४ | |
| | अनुभव,जनशक्ती अवस्था,पुर्वाधार अवस्था मध्ये कम्तीमा १ वटा रहेको | ३ | |
| ७ | प्रस्तावको उद्देश्य, कार्यक्षेत्र, व्यापारिक योजना, उत्पादन वजारीकरण( परिमाणमुखीनतिजा मुल्य श्रृखलामा आवद्धता, सहभागीतामुलक) | ५० | |
| | अति उत्तम | ५० | |
| | उत्तम | ४०-४९ | |
| | राम्रो | ३०-३९ | |
| | ठीकै | २०-१९ | |
| | नराम्रो | ०-१९ | |
| | कुल जम्मा | १०० | |

३.५. प्रस्ताव मुल्यांकन समिति

यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरू मुल्यांकन गरि ऋण विवरणको लागि छनौट गर्ने कार्यमा देहायबमोजिम एक मुल्यांकन समिति रहने छ । समितिले प्राप्त प्रस्तावहरूको मुल्यांकन गरि स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्नेछ । प्रस्ताव मुल्यांकनका लागि समितिले आवश्यकता अनुसार अनुगमन निरिक्षण गरि गराई प्रतिवेदन तयार गर्ने छ ।

३.५.१ प्रस्ताव मुल्यांकन समितिमा रहने पदाधिकारीहरूः

क) बर्दघाट नगरपालिकाका उपप्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य – सँयोजक

ख) कार्यपालिकाबाट मनोनित वडाअध्यक्ष वा कार्यपालिका सदस्य मध्येबाट एकजना - सदस्य

ग) नगरपालिकाकाका कृषि/पशु/सहकारी शाखाका प्रमुखहरू मध्येबाट प्रमुख प्रशासकीय अधिकृतबाट मनोनित - सदस्य सचिव

३.६ निर्देशक समिति
प्रस्ताव मुल्याङ्कन समितिबाट प्राप्त मूल्याँकनलाई आधारमानी निर्देशन समितिले ऋण लगानी सम्बन्धमा अन्तिम निर्णय गर्नेछ ।

३.६.१ निर्देशक समितिमा रहने पदाधिकारीहरू :
क) नगरपालिकाका प्रमुख - अध्यक्ष

ख) नगर कार्यपालिकाका सदस्यहरू मध्ये एक जना - सदस्य

ग) नगरपालिकाकाका कृषि/पशु/सहकारी शाखाका प्रमुखहरू मध्येबाट प्रमुख प्रशासकीय अधिकृतबाट मनोनित - सदस्य सचिव

३.७. सहुलियत पूर्ण ऋण रकम प्रवाह प्रक्रियाहरू :

३.७.१ सहुलियत पूर्ण ऋण प्रदान गर्नका लागि मूल्याँकन समितिबाट सिफारिस भै आएका सहकारीहरूलाई स्वीकृत रकम तथा विउ पूँजी बर्दघाट नगरपालिकाबाट सम्वन्धित सहकारी सँग सम्झौता गरि एकमुष्ठ रूपमा निकासा गरी अभिलेख राख्ने ब्यवस्था गरिनेछ ।

३.७.२ सहुलियत पूर्ण ऋणका लागि स्वीकृत भएका सहकारीले कार्यक्रम सञ्चालन गरि त्रैमासिक रूपमा विवरण पेश गर्नुपर्नेछ । कार्यालयले उक्त सहकारी सँस्थाको आवश्यकता अनुसार निरिक्षण गरि प्रतिवेदन पेश गर्न कर्मचारी खटाउन सक्ने छ ।

३.७.३ नगरपालिका मार्फत उपलब्ध हुने सहुलियत पूर्ण ऋण रकम सम्झौता गरेको मितिदेखि ३ वर्ष पछि एकमुष्ठ रूपमा नगरपालिकामा फिर्ता गर्नुपर्ने छ ।

३.८ सम्बन्धित सहकारी संस्थाको अन्य काम, कर्तब्य र उत्तरदायित्व सहुलियत पूर्ण ऋण प्राप्त गर्ने सम्बन्धित सहकारी सँस्थाले गर्नु पर्ने अन्य काम, कर्तब्य र उत्तरदायित्व देहायबमोजिम हुनेछ ।

३.८.१ सहुलियत पूर्ण ऋण प्राप्त गर्ने गरी कृषकले कर्जाको लागि निवेदन दिएमा परियोजनाको सम्भाब्यता र कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्ने । कर्जा प्रवाह गर्न नसकिने भएमा कर्जा लगानी गर्न नसकिने स्पष्ट कारण सहित सम्बन्धित जानकारी दिने ।

३.८.२ सहकारी संस्थाले एक जना किसानलाई बढीमा २ लाख सम्म कर्जा लगानी गर्नुपर्नेछ, नगरपालिकाबाट सम्वन्धित सहकारी सँस्थाको ऋण स्वीकृत भैसकेपछि ऋण माग गर्ने सदस्यहरूको नाम नामेसी, प्रदान गर्ने ऋण रकम समेत उल्लेख गरी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

३.८.३ सहकारी सँस्थाले ऋण प्रदान गर्ने कृषक सँग बढीमा पाँच प्रतिशत ब्याज वाहेकको ऋण प्रदान गर्दाका वखतमा अन्य सेवा शुल्क लिन पाउने छैन तर समयमा ऋण नतिरेको खण्डमा लिइने अन्य शुल्क सहकारीले नियमानुसार लिन पाउनेछ ।

३.८.४ यस अन्तरगत लगानी गरेको कर्जाको ब्याजदर लगानी अवधिभर वृद्दि गर्न पाईने छैन ।

३.९ छनौट भएको संस्थाहरूले ऋण लगानी गर्न सक्ने क्षेत्रहरू :

१. तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण, विक्रि वितरण

२. विउ विजन उत्पादन, प्रशोधन तथा भण्डारण, विक्रि वितरण

३. पुष्प व्यावसाय

४. पशुपंक्षीपालन,

५. मासु तथा अण्डाको भण्डारण तथा प्रशोधन तथा विक्रि वितरण

६. फलफूल उत्पादन, उत्पादित फलफुलको प्रशोधन तथा भण्डारण, विक्रि वितरण

७. दुग्ध उत्पादन, प्रशोधन र विक्री वितरण

८. मत्स्यपालन, उत्पादित फलफुलको प्रशोधन तथा भण्डारण, विक्री वितरण,

९. च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण, विक्री वितरण

१०. पशुवधशाला एवं मासुजन्य उत्पादन व्यावसाय सो को भण्डारण तथा प्रशोाधन, विक्री वितरण,

११. जडिवुटी उत्पादन, प्रशोधन र भण्डारण तथा विक्री वितरण

१२. उखु खेती, कफी खेती, चिया खेती, अलैंची खेती, अदुवा खेती, बेसार खेती, जैतुन खेती, सूर्यमुखी खेती

१३. मौरीपालन व्यावसाय

१४. बर्दघाट नगरपालिकाले समय समयमा थप गरेका अन्य कृषि व्यावसायहरू

उपरोक्त कार्यक्रमहरू संचालन गर्दा नगरपालिकाकोक्षेत्र भित्र स्थायी वसोवास गरी स्थानीय स्तरमै व्यावसाय सञ्चालन गर्ने कृषकलाई मात्र समावेश गर्नुपर्नेछ ।

## परिच्छेद-४

### अनुगमन, निरिक्षण तथा मुल्यांकन सम्वन्धी व्यावस्था

४.१ यस कार्यविधि अनुसार उपलब्ध गराईने सहुलियत पूर्ण ऋण रकमको सदुपयोग भए नभएको बारेमा समय समयमा अनुगमन तथा निरिक्षण गरि सोको प्रतिवेदन बर्दघाट नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाइने छ ।

४.२ बर्दघाट नगरपालिका, सम्वन्धित शाखा एव्म वडा कार्यालयहरूले आवश्यक्ता एवम् कामको प्रकृति अनुसार कार्यक्रमको अनुगमन र मुल्याङ्कन गर्ने छन ।

४.३ अनुगमन तथा मुल्यांङ्कनको प्रतिवेदन सम्वन्धित नगरपालिकामा पेश गरि प्रगति विवरण नियमित रूपमा बर्दघाट नगरपालिकाको सम्वन्धित शाखामा पठाउनु पर्ने छ ।

## परिच्छेदः ५

### विविध

५.१ कार्यविधिमा अस्पष्टता आएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुने छ ।

५.२ संशोधन तथा खारेजी : नगर कार्यपालिकाले प्रस्तुत कार्यविधिमा आवश्यक्ता अनुसार संशोधन तथा विधि सम्मत खारेज गर्न सक्ने छ ।